# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ न. प्रदेश, नेपाल

पत्र संख्याः ०७९/८०
चलानी नं १३०५

मितिः २०७९/११/१०

**युवा नवप्रवर्तनात्मक विचार प्रतियोगिता (Youth Innovative Ideas Hunts Competition ) का लागि आवेदन पेश गर्ने तथा प्रतियोगिता सञ्चालन सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार राष्ट्रय युवा परिषद् सानोठिमी भक्तपुरको पत्र तथा राष्ट्रिय यूवा परिषदको कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका आ.व. २०७९/०८० अनुसार युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय युवा परिषद् द्वारा युवा नवप्रवर्तनात्मक विचार (Youth Innovative Ideas Hunts Competition) प्रदर्शनी तथा प्रस्तुतिकरण प्रतियोगिता सञ्चालन गर्ने गरि विषय निर्धारण भएकोले सुनसरी जिल्ला भरिका सम्पुर्ण ईच्छुक युवाहरुलाई देहायका सर्त र बन्देजको अधिनमा रहि मिति २०७९/११/३० गते कार्यालय समय भित्रमा यस कार्यालयको शिक्षा युवा तथा खेलकूद शाखा वा ईमेल ठेगाना educationkoshi@gmail.com मा आवेदन पेश गर्न हुन अनुरोध छ ।

**सर्त तथा बन्देजहरु**

१. प्रतियोगीतामा सहभागी हुने युवा १६-४० वर्ष ननाघेको सुनसरी जिल्ला बासी हुनुपर्नेछ ।
२. प्रतियोगितमा सहभागी हुनेले कार्यक्रम सहजीकरण पुस्तिका आ.व. २०७९/०८० को अनुसूची १ बमोजिमको फारम भरी नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा नेपाली नागरिकता नभएमा जन्मदर्ताको प्रतिलिपि र निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
३. प्रतियोगिता युवा परिषद्द्वारा जारी गरिएको युवा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्य प्रकृया २०७८, मा उल्लेख भए बमोजिम हुनेछ ।
४. प्रतियोगितामा सहभागी भइ प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने सहभागीहरुलाई क्रमशः १०,००० (दश हजार), ७,०००। ( सात हजार ) र ४,०००। (चार हजार मात्र) का दरले नगद पुरस्कार र प्रमाणपत्र सहित प्रथम स्थान हाँसिल गर्ने प्रतियोगीलाई प्रदेश स्तरमा हुने प्रतियोगितामा सहभागिताका लागि पठाइनेछ र सबै सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरिनेछ । पुरस्कारमा नियमानुसार कर कट्टी हुनेछ ।
५. आवेदकहरुको जिल्लास्तरीय छनोट प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थान पुनः जानकारी गराईनेछ ।
६. कार्यक्रम सम्बन्धी कार्यविधि, अनुसूची तथा जानकारीका लागि nyc.gov.np मा हेर्न सकिनेछ ।

२०७९/११/१०

शिक्षा अधिकृत
बेदराज अधिकारी

बेदराज अधिकारी
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख

**बोधार्थः**

१. श्री जिल्ला युवा समितिको कार्यालय, सुनसरी। (आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन ।
२. श्री सुनसरी जिल्लाका सबै स्थानीय तहका शिक्षा युवा तथा खेलकूद शाखाहरु (आ-आफ्नो स्थानीय तहमा सूचना संप्रेषण गर्ने व्यवस्था मिलाईदिनुहुन) ।
३. श्री सूचना प्रविधि शाखा (सार्वजनिक सूचना तथा सबै स्थानीय तहहरूमा आवश्यक सूचना प्रवाहा गरिदुनुहुन) ।
४. जिल्ला प्रशासन कार्यालय सुनसरी। (सूचना प्रवाह गरिदिनु हुन)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी ,भक्तपुर

## युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया २०७८

१.प्रस्तावना:

राष्ट्रिय युवा परिषद्को आ.ब.२०७८/०७९को लागि स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भएको युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिका/जिल्ला, प्रदेश तथा संघीय तहमा युवा प्रतिभाको पहिचान गरी प्रतियोगितात्मक प्रतिस्पर्धाका आधारमा कार्यलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो कार्यप्रक्रिया निर्धारण गरिएको छ ।

२.संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यप्रक्रियाको नाम" युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया २०७८ " रहेको छ ।

(२) यो कार्यप्रक्रिया कार्यकारी समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ

३.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रियामा ,

(क) "प्रदेश मन्त्रालय" भन्नाले युवा तथा खेलकुद विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

(ख) "युवा" भन्नाले यो कार्यक्रमका सन्दर्भमा ***सोह्र देखि चालिस*** वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यप्रक्रिया बमोजिम युवाहरुलाई सहभागी गराई सञ्चालन हुने युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले यो कार्यप्रक्रियाको दफा ६ बमोजिम गठित समितिहरु सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका,नगरपालिका ,उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ ।

(छ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ज) "कार्यकारी उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सम्झनुपर्दछ ।



उप-सचिव प्रशासकीय प्रमुख सुरेन्द्र ... उपाध्यक्ष

(झ) "विज्ञ "भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्यक्ति सम्झनुपर्दछ ।

विषय निर्धारण : यस आ.व. २०७८/७९ मा कार्यक्रम सञ्चालनको लागि युवा नवप्रर्वतनात्मक विचार ("Youth Innovative Ideas Hunt" Competition) दर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिता सञ्चालन गर्ने गरी विषय निर्धारण गरिएको छ ।

प्रतियोगिता सञ्चालन प्रक्रिया : यो प्रतियोगिता सञ्चालन गर्नका लागि देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्ने छ :-

(१) ससर्त अनुदान बजेट विनियोजन भएका देशभरका ७७ वटा पालिकाहरुले वि.सं.२०७८ साल ***पौष*** मसान्त भित्र यो कार्यक्रम सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) युवा प्रतिभाहरुको पहिचान र प्रोत्साहन शीर्षकमा ससंर्त अनुदान बजेट विनियोजन भएका देशभरकंा ७७ वटा पालिकाहरुलाई *१६ देखि ४० वर्ष* उमेरसमूह भित्रका युवाबाट Innovative Ideas प्रतियोगिताका लागि सम्बन्धित जिल्लालाई भूगोलको एकाइ मानी जिल्ला भरीका सबै पालिकाका युवाहरुले यो अवसर पाउने गरी ३० दिनको समय दिई निवेदन आह्वानको सूचना प्रकाशन गर्न र दर्ताको आवश्यक व्यवस्था मिलाउन पत्राचार गर्ने ।

(३) उक्त म्याद सकिएको दिन कार्यालय समय समाप्त भएपश्चात् देवनागरी लिपिको वर्णानुक्रमअनुसारको प्रतियोगीहरूको नामावली तयार गरी सम्बन्धित पालिकाले प्रतियोगीहरुको नामावली सूचनापाटीमा प्रकाशन गर्ने। यसरी सूचना प्रकाशन गर्दा प्रतियोगिता हुने मिति, समय र स्थान समेत तोक्ने सकिनेछ ।

(४) प्रतियोगीहरुका मूल्यांकन गर्न प्रतियोगीहरुलाई प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति अगावै मूल्याङ्कन समिति गठन गरी तयारी कार्यक्रम सञ्चालन तथा मूल्याङ्कन प्रक्रियाका बारेमा बैठकबाट स्पष्ट पार्नु पर्नेछ।

(५) प्रतियोगीको सङ्ख्याका आधारमा समयमा नै मूल्याकन तथा छनौट कार्य सम्पन्न हुने गरी प्रतियोगिताको कार्यक्रम प्रारम्भ गरी प्रतियोगीहरूलाई देवनागरी लिपिको वर्णानुक्रम अनुसारको पालोमा मूल्याङ्कनकर्ता, सहभागी तथा दर्शक स्रोता समक्ष प्रस्तुतीको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) नतिजा घोषणा पश्चात् पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई यस कार्यविधिमा तोकिएको ढाँचामा प्रमाणपत्र तयार गरी पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने र प्रथम हुनेलाई पत्र तथा प्रदर्शन भएको सामग्री सहित प्रदेश स्तरमा हुने कार्यक्रममा सहभागी हुन पठाउनु पर्नेछ

(७) प्राप्त Idea को मूल्याङ्कनबाट १० वटा उत्कृष्ट Idea लाई राष्ट्रिय युवा परिषद्को इमेल ठेगाना info@nyc.gov.np मा पठाउनु पर्नेछ । उक्त Idea हरुको Idea bank बनाइ राखिनेछ र राष्ट्रिय युवा परिषद्को घुम्तिकोषमा आधारित युवा उद्यम कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ ।

(८) सूचना प्रकाशन गर्दा अनुसूचि ३ अनुसारको फाराम उपलब्ध गराउने सम्पर्क व्यक्तिको नाम, मोबाइल नं र इमेल समेत खुलाइ दिनु पर्नेछ ।



उप-सचिव

मूल्याङ्कन समिति : प्रतियोगिताको मूल्याङ्कन समिति गठन र पारिश्रमिकको व्यवस्था देहाय अनुसार हुनेछ :-

(१) पालिकास्तर/जिल्लास्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्कन समिति गठन गरीने छ :-

क. सम्बन्धित स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक

ख. स्थानीय क्याम्पसका विज्ञान तथा प्रविधि विषयका प्राध्यापक/ माध्यमिक विद्यालयका विज्ञान विषयका शिक्षक मध्येबाट १ जना - सदस्य

ग. स्थानीय तहले तोकेको व्यापार/व्यवसाय क्षेत्रको विज्ञ १ जना - सदस्य

(२) प्रदेशस्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्कन समिति गठन गर्नुपर्ने छ :-

क. प्रदेशको मन्त्रालयको युवा तथा खेलकुद क्षेत्र हेर्ने सम्बन्धित महाशाखा प्रमुख वा नीजले तोकेको ब्यक्ति - संयोजक

ख. प्रदेशको मन्त्रालयले तोकेको क्याम्पसका विज्ञान विषयका प्राध्यापक मध्येबाट १ जना - सदस्य

ग. प्रदेश मन्त्रालयले तोकेको व्यापार/व्यवसाय क्षेत्रको विज्ञ १जना - सदस्य

(३) संघीयस्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्कन समिति गठन गर्नुपर्ने छ :-

क. राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको विज्ञान तथा प्रविधि क्षेत्रको विषयका विज्ञ - संयोजक

ख. राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको त्रिभुवन विश्वविद्यालयका विज्ञान विषयका प्राध्यापकहरु मध्येबाट १ जना सदस्य

ग. आइडिया स्टुडियो नेपालले तोकेको प्रतिनिधी १ जना - सदस्य

(४) सबै तहका मूल्याङ्कन समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता र तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ ।

७. प्रतियोगिताको मूल्याङ्कन प्रक्रिया : जिल्ला, प्रदेश र केन्द्रमा हुने प्रतियोगीको मूल्याङ्कन गर्न देहाय अनुसार प्रक्रिया अपनाउनु पर्ने छ :-

(१) मूल्याङ्कनका आधार र पूर्णाङ्क देहाय अनुसार हुनेछन् ।

| मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क |
|---|---|
| क. नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको श्रृजनात्मकता | २० |
| ख. विचारको सैद्धान्तिक एवम् ब्यवहारिक पक्ष | १० |



उप-सचिव प्रशासकीय प्रमुख

ग. विचारबाट उत्पादन हुने वस्तु तथा सेवा २०

घ. विचारको उपादेयता, सान्दर्भिकता (सामाजिक,प्राविधिक, वातावरणीय, आर्थिक) र विश्वसनियता २०

ङ. लगानी र प्रतिफल १०

च. स्वरोजगार/रोजगारी सृजनाको सम्भाव्यता १०

छ. जोखिम लिने क्षमता १०

जम्मा १००

(२) तीनजना मूल्याङ्कनकर्ताहरुलाई प्रतियोगीको नामावलीसहितको अलग अलग मूल्याङ्कन फाराम वितरण गरी उल्लिखित मूल्याङ्कनको आधारहरूमा स्वतन्त्र रूपमा मूल्याङ्कन गर्न लगाई समष्टिगत मूल्याङ्कन फाराममा तीनै जना मूल्याङ्कनकर्ताको अङ्क जोड जम्मा गरेर दस्तखत गरी नतिजा घोषणा गर्नुपर्ने ।

(३) मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कन अन्तिम हुने छ । यसउपर कुनै पुनरावेदन हुने छैन ।

(४) यस कार्यविधिमा उल्लेख नभएका मूल्याङ्कनसम्बन्धी अन्य प्रक्रिया मूल्याङ्कन समितिले व्यवस्थित गर्न सक्ने छ।

:. **प्रतियोगिताको पुरस्कार तथा सम्मान** : प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने उत्कृष्ट युवालाई प्रतियोगीको नाम, स्थायी बसोबास हेको स्थानीय तहको नाम, वडा र जिल्ला खुलेको प्रमाण पत्र सहित तपसिल अनुसारको नगद रकम प्रोत्साहनस्वरूप प्रदान गरिने छ ।साथै सहभागीहरुलाइ {हभागिताको प्रमाण पत्र उपलब्ध गराइनेछ ।

(१) पालिका/ जिल्लास्तरीय प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने युवालाई पालिकाले प्रमाणपत्र र देहाय अनुसारको नगद पुरस्कार दिनुपर्ने छ ।साथै प्रतियोगितामा सहभागी सबै युवाहरुलाई सहभागिताको प्रमाणपत्र दिनुपर्नेछ ।

क. पहिलो स्थान हासिल गर्ने एकजनालाई रु.१०,०००।

ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई रु. ७,०००।

ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई रु.४,०००।

(२) प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने प्रतियोगीलाई देहाय अनुसारको नगद पुरस्कार उपलब्ध गराईनेछ ।

घ. पहिलो स्थान हासिल गर्ने एकजनालाई रु.१५,०००।

ङ. दोस्रो स्थान हासिल गर्ने एकजनालाई रु.१०,०००।

च. तेस्रो स्थान हासिल गर्ने एकजनालाई रु.७,०००।

छ. स्तान्त्वना स्थान हासिल गर्ने २ जना लाई जनही रू. ५,०००।

(३) संघीय स्तरको प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने प्रतियोगीलाई देहाय अनुसारको नगद पुरस्कार उपलब्ध गराई भर्पाइसमेत गराउनुपर्ने छ :-

क. पहिलो स्थान हासिल गर्ने एकजनालाई रु.३५,०००।

ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई रु.३०,०००।

ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई रु.२०,०००।

घ. सान्त्वना स्थान हासिल गर्ने दुई जनालाई जनही रु. १०,०००।

**पालिका /जिल्ला स्तरीय प्रतियोगिताको खर्च व्यवस्थापन** : पालिका /जिल्ला स्तरमा यो कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न उक्त पालिकाहरुलाई शसर्त नुदान स्वरुप युवा प्रतिभाको पहिचान तथा प्रोत्साहन कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

**०.प्रदेश स्तरीय प्रतियोगिताको खर्च व्यवस्थापन** : प्रदेशस्तरमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेशहरुलाई शसर्त अनुदान स्वरुप युवा प्रतिभाको हेचान तथा प्रोत्साहन कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमवाट कार्यक्रमको वैठक भत्ता,मूल्याङ्कन समितिको खर्च, खाजा खर्च ,कार्यक्रम स्थलको ावस्थापन, प्रमाणपत्र, पुरस्कार र स्थानीय तहबाट आउने सहभागीहरुको दैनिक तथा भ्रमणभत्ता लगायत प्रतियोगिता सञ्चालन सम्बन्धी आवश्यक पर्ने र्षकहरुमा खर्च गर्नु पर्नेछ ।

**१. प्रतियोगिताको प्रतिवेदन** : जिल्ला तथा प्रदेश तहमा प्रतियोगिता समापन भएपछि प्रतियोगीहरुको विवरण लगायतका कुराहरू उल्लेख गरी प्रतिवेदन तयार र्नुपर्नेछ र सोको प्रमाणित प्रति राष्ट्रिय युवा परिषद् मा पठाउनु पर्नेछ । प्रतिवेदनको डिजिटलकपी, र उत्कृष्ट १० प्रतियोगीहरुको Idea हरु परिषद्को इमेल ठेगाना **ıtionalyouthcouncil32@gmail.com** वा **info@nyc.gov.np** मा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

**२. स्थानीय तहको भुमिका र जिम्मेवारी :** प्रतियोगिता सञ्चालन सम्बन्धमा स्थानीय तहका कार्य जिम्मेवारीहरु निम्नानुसार हुनेछन् :-

१. जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गर्ने जिम्मेवारी रा.यु.परिषदबाट ससर्त अनुदान गएको पालिकाको हुनेछ ।

२. उक्त पालिकाहरुले वि.सं.२०७८ साल पौष मसान्त भित्र यो कार्यक्रम सम्पन्न गरिसक्नु पर्नेछ ।

३. पालिकाले प्रतियोगिता सञ्चालनको लागि प्रतियोगीको उमेर समूह, आवश्यक कागजात र प्रक्रिया लगायतका विवरणहरू खुलाई न्युनतम ३० तीस दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

४. प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना जिल्लाका सबै स्थानीय तहहरु, क्याम्पसहरु, माध्यमिक विद्यालयहरुमा पुग्ने गरी सम्प्रेषण गर्नुपर्नेछ ।

५. पालिकाले जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गरी विजयी युवाहरुलाई तोकिए अनुसारको पुरस्कार र प्रमाण पत्र प्रदान गर्नुपर्नेछ ।

६. जिल्लामा पहिलो र दोश्रो हुने दुईजना प्रतियोगीहरुलाई प्रदेशस्तरमा निर्धारित मितिमा आयोजना हुने प्रतियोगितामा सहभागी हुने गरी प्रतियोगीले उक्त प्रतियोगितामा प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि र प्रदर्शन गरिएको सामग्रीको विवरण सहित उक्त कार्यक्रममा सहभागीता सम्वन्धी पत्र दिई पठाउनु पर्नेछ।

७. कार्यक्रमको थप प्रचार प्रसार र स्पस्टताका लागि राष्ट्रिय युवा परिषद्ले यसैसाथ संलग्न राखि पठाएका नमूना रेडियो जिङ्गल र पोष्टरहरुको प्रयोग गर्नु पर्नेछ ।

१३. **प्रदेश तहको भुमिका र जिम्मेवारी:** ससर्त अनुदानबाट उपलब्ध बजेटबाट प्रदेशस्तरमा सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा प्रदेश तहको भूमिका र जिम्मेवारीहरु निम्नानुसार हुनेछन्:-

१. राष्ट्रिय युवा परिषद् सँग समन्वय गरी प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्न स्थान, मिति र समय तोक्ने र सम्बन्धित पालिकाहरुलाई जानकारी गराउने ।(२०७८ चैत्र मसान्त भित्र सम्पन्न गर्ने गरी)

२. जिल्लास्तरीय प्रतियोगितामा प्रथम स्थान हासिल गरेका युवाहरुलाई सहभागी गराई प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्ने ।

३. जिल्लाबाट आएका सहभागीहरुलाई नियमानुसारको दैनिक तथा भ्रमण भत्ताको व्यवस्था गर्ने ।

४. जिल्ला स्तरका प्रतियोगिताहरु प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रम अगाबै सम्पन्न गर्न गराउन आवश्यक समन्वय प्रदेशको सम्बन्धित मन्त्रालयले गर्नुपर्नेछ ।

५. प्रदेश स्तरको कार्यक्रममा अतिथि तथा श्रोता आमन्त्रण, कार्यक्रम स्थल निर्धारण, मूल्यांकन समिति गठन तथा बैठक र पारिश्रमिक भुक्तानी, पुरस्कार तथा प्रमाणपत्रको ब्यवस्थापन प्रदेशको सम्बन्धित निकायले गर्नु पर्नेछ ।

६. प्रतियोगिता सम्पन्न भएपछि सोको विवरण उल्लेख गरिएको प्रतिवेदन राष्ट्रिय युवा परिषदमा पठाउनु पर्नेछ ।

१४.प्रदेशस्तरीय कार्यक्रमको अनुगमन तथा सहजीकरणका लागि राष्ट्रिय युवा परिषद्ले परिषद् सदस्यको नेतृत्वमा टोली खटाउन सक्नेछ

१५. संघीय तहको प्रतियोगिता सञ्चालन:

क. प्रदेश तहमा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गरेका प्रतियोगीहरुलाई समावेश गरी संघीयस्तरको प्रतियोगिता सञ्चालन गरिनेछ ।

ख. संघीय तहको कार्यक्रम सञ्चालनको लागि परिषद्ले सम्बन्धित शाखा प्रमुखको संयोजकत्वमा एक ३ सदस्यीय समिति गठन गरी कामको जिम्मा दिनेछ ।

ग. यो कार्यक्रम नियमित तालीम,गोष्ठी ,कार्यशाला सञ्चालन तथा व्यवस्थापन भन्दा फरक प्रकृतिको भएकोले स्वीकृत नर्म्सका साथै नर्म्समा स्पष्ट उल्लेख नभएका विषयहरुमा आवश्यकता र औचित्यको आधारमा कार्यकारी उपाध्यक्ष स्तरको निर्णय बमोजिम खर्च गरी कार्यक्रम सम्पन्न गर्ने ।

घ. संघीयस्तरको प्रतियोगिता काठमाण्डौ उपत्यकाभित्र सञ्चालन गरिनेछ ।

ङ. संघीय स्तरमा सञ्चालन हुने कार्यक्रममा पालिकाबाट काठमाडौ सम्म जाँदा आउँदाको ३.२५ दिनको प्रतिदिन रु.१,२००/- का दरले दैनिकभत्ता र नियमानुसारको बस भाडा तथा प्रदर्शनीका लागि निर्मित सामग्रीको ढुवानी वापत सामग्री हेरी बढीमा रु ५०००। पाँच हजार परिषदले उपलव्ध गराईनेछ।

च. संघीय तहको प्रतियोगितामा छनौट भई आएका प्रतियोगिहरुका लागि आइडिया स्टुडियो नेपालको सहकार्यमा आवश्यकता अनुसार थप तालिम तथा इन्कुवेशन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. फाराम तथा प्रमाण पत्रको नमूना :

(१) यो कार्यक्रम सञ्चालनको कममा प्रयोग गरिने फाराम तथा प्रमाण पत्रहरुको नमूना अनुसूचिमा राखिएको छ ।

(२) सबै स्तरका प्रतियोगिताहरुमा सेही नमूना बमोजिमका फारामहरु तथा प्रमाण पत्रहरुको प्रयोग गर्नु पर्नेछ ।

७. संघीय तहमा छुट्टै कार्यक्रमको आयोजना गर्न सक्ने :

(१) यो कार्यक्रम अन्तर्गत परिषदले संघीय तहमा नेपाललाई नै भूगोलको एक एकाई मानी १६ देखि ४० वर्षका युवाहरुले प्रतिस्पर्धा गर्न पाउने गरी सूचना विधि तथा नवप्रवर्तन सँग सम्बन्धित वा अन्य फरक विधामा समेत प्रतियोगिताको आयोजना गर्न सक्नेछ ।

(२) दफा १ बमोजिम गरिने प्रतियोगिताको सञ्चालन प्रकृया,मूल्यांकन विधि र व्यवस्थापन कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।

८.बाधा अडकाउ फुकाउ : यो कार्यप्रक्रियाको कार्यान्वयनमा कुनै समस्या आएमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी कार्यकारी समितिले बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूची १

प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७८/ /.......

|.............. महानगर/उपमहानगर/नगर/ गाँउ कार्यपालिकाको कार्यालय
.............. नगर/गाउँपालिक,.............।

**विषय :- प्रतियोगितामा सहभागी हुन पाऊँ ।**

तुत विषयमा ताहाँको मिति २०७८/ /... गते प्रकाशित सूचनामा उल्लेख भएको **Youth Innovative Ideas Hunt** प्रतियोगितामा मैले तयार गरेको ...................................................... विषयक सामग्री सहित सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो वेदन पेश गर्दछु । यस कार्यक्रममा सहभागी हुँदाको व्यक्तिगत खर्च कही कतै पनि मागदावी नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

वेदनसाथ पेश गरेका कागजातहरू :-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

ख. निवेदकले प्राप्त गरेको उपल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखत : ....................

नाम, थर : ..........................

निवेदकको ठेगाना :-

ायी : जिल्ला ................, गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ..................

सम्पर्क : फोन/मोबाइल नं. : ............................ इमेल : .........................................

अनुसूची २

मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

......................पालिका/....प्रदेश सरकार/नेपाल सकार

.......स्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता

## मूल्याङ्कन फाराम

| प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको श्रृजनात्मकता (२०) | विचारको सैद्धान्तिक एवम् व्यवहारिक पक्ष (१०) | विचारको उपादेयता, सान्दर्भिकता (सामाजिक/प्राविधिक/वातावरणीय/आर्थिक) र विश्वसनियता (२०) | बिचारबाट उत्पादन हुने वस्तु तथा सेवा (२०) | लगानी र प्रतिफल (१०) | जोखिम लिने क्षमता (१०) | स्वरोजगार/रोजगारी सृजनाको सम्भाव्यता (१०) | जम्मा (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

........................

ल्याङ्कनकर्ताको दस्तखत

म :- ................................

ड :- क/ख/ग

अनुसूची २क

मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

......................पालिका/....प्रदेश सरकार/नेपाल सकार

.......स्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता

## <u>समष्टिगत मूल्याङ्कन फाराम</u>

| प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको श्रृजनात्मकता (२०) | विचारको सैद्धान्तिक एवम् व्यवहारिक पक्ष (१०) | विचारको उपादेयता सान्दर्भिकता र विश्वसनियता (२०) | बिचारबाट उत्पादन हुने वस्तु तथा सेवा (२०) | लगानी र प्रतिफल (१०) | जोखिम लिने क्षमता (१०) | स्वरोजगार/रोजगारी सृजनाको सम्भाव्यता (१०) | जम्मा (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

............................ ............................ ............................

मूल्याङ्कनकर्ताको दस्तखत | मूल्याङ्कनकर्ताको दस्तखत | मूल्याङ्कनकर्ताको दस्तखत

म :- ............................ | नाम :- ......................... | नाम :- ..........................

ाड :- | कोड :- | कोड :-

ति :- २०७८/ /

गाउँ/नगर कार्यपालिकाको कार्यालय

........................पालिका

.............. प्रदेश ................

..........................

# प्रमाण-पत्र

ा ..................,

................, .................. ।

यस ................नगर/गाउँपालिकाको आयोजनामा सञ्चालित **"युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता, Youth Innovative Idea Hunt"**अन्तर्गत जिल्ला स्तरको प्रतियोगितामा मा सहभागी भई ............ स्थान हासिल गर्न सफल हुनु भएकाले तपाईंको प्रतिभाको उच्च मूल्याङ्कन गर्दै नगद रु........./-(अक्षेरेपी रु............) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै भविष्यमा नेपाल र नेपाली युवाको समृद्धिमा यहाँको उल्लेखनीय योगदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| .......................... | .......................... | .......................... | .......................... |
| ार्यक्रम संयोजक | मूल्याङ्कन समिति संयोजक | जि.यु.स.अध्यक्ष | प्रमुख अतिथि |

प्रदेश सरकार
सामाजिक विकासम मन्त्रालय

.................

# प्रमाण-पत्र

ा ..................,
................, .................. ।

राष्ट्रिय युवा परिषद्‌द्वारा आयोजित "**युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता, Youth Innovative Idea Hunt**" न्तर्गत .................... प्रदेश नं. ....... को प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भई ........... स्थान हासिल गर्न फल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु........../- (........... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान रिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि यहाँको थप गदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| .......................... | ............................ | .............................. |
| ार्यक्रम संयोजक | मूल्याङ्कन समिति संयोजक | प्रमुख अतिथि |

ति :- २०७८/ /

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी,भक्तपुर

# प्रमाण-पत्र

ी ..................,

..............., .................. ।

ाष्ट्रिय युवा परिषद्‌द्वारा आयोजित **"युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता, Youth Innovative Idea Hunt"** अन्तर्गत संघीय स्तरको प्रतियोगितामा सहभागी भई ............ स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु......./- (........... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि भविष्यमा यहाँको उल्लेखनीय योगदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| ............................ | ............................ | ............................ | .......................... ............................... |
|---|---|---|---|
| कार्यक्रम संयोजक<br>ाजना तथा वैदेशिक समन्वय शाखा | प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष | प्रमुख अतिथि |

ना तथा वैदेशिक समन्वय शाखा



२०७८ श्रावण

ति :- २०७८/ /

अनुसूची ३

**Idea संकलनका लागि प्रयोग गर्ने फाराम**

**Application Form** (आवेदन फाराम)

कृपया तल दिइएको फाराम भरी पालिकाले तोकेको मिति र समय भित्र सम्बन्धित पालिकामा बुझाउनुहोला ।

**ction 1: About the Applicant (आवेदकको बारेमा)**

**First Name (पहिलो नाम)**

| |
|---|
| |

**Middle Name (बीचको नाम)**

| |
|---|
| |

**Last Name (थर)**

| |
|---|
| |

4. Permanent Address ( स्थायी ठेगाना )

| | |
|---|---|
| Province Number ( प्रदेश नम्बर ) : | |
| District ( जिल्ला ) : | |
| Zone ( अन्चल ): | |
| Ward Number ( वडा नम्बर ) : | |
| Street Address ( बसोबासको ठेगाना ): | |

5. Temporary Address ( अस्थायी ठेगाना )

| | |
|---|---|
| Province Number ( प्रदेश नम्बर ): | |
| District ( जिल्ला ): | |
| Zone ( अन्चल ): | |
| Ward Number ( वडा नम्बर ): | |
| Street Address( बसोबासको ठेगाना ) : | |

5. Mobile Number ( मोबाईल नम्बर ):

6. Alternative Contact Number ( वैकल्पिक सम्पर्क नम्बर )

4. Email Address ( ईमेल ठेगाना )

6. Date of Birth(B.S.) ( जन्म मिति, विक्रम सम्बतमा )

7. Guardian Name ( अभिभावकको नाम )

8. Relationship with Guardian ( अविभावक संगको सम्बन्ध )

9. Phone Number of Guardian ( अविभावकको सम्पर्क नम्बर )

. Education Level ( अध्यानरत तह )

- Below Class 10 (कक्षा १० मुनी )
- Class 10 (कक्षा १० सम्म )
- +2 ( १२ सम्म )
- Undergraduate ( स्नातक )
- Graduate ( स्नातकोत्तर )
- Phd ( विद्यावारिधि )

## ction 2: About Your Business Idea ( तपाईको व्यवसायिक सोचको बारेमा )

**Describe your Business Idea in 150 words.** ( आफ्नो व्यवसायिक सोचलाई १५० शब्दमा बर्णन गर्नुहोस् )

**Which stage is your Business Idea at?** ( तपाईको व्यवसायिक सोच कुन चरणमा छ ? )

- It's just an idea ( एउटा सोच मात्रै )
- I have my layout, design, and plan ready and looking for assistance to implement them ( म संग लेआउट, डिजाइन र योजना तयार छ र म यसलाई लागु गर्न मद्दतको खोजीमा छु )
- It's already a running business and I am looking to scale up ( यो विद्यमान व्यवसाय हो र म यसलाई बिस्तार गर्न खोज्दै छु |

**Specify your Business Idea Name** ( तपाईको व्यवासायीक आईडियाको नाम खुलाउनुहोस् )

**Is your Business Idea Product-Based or Service-Based?** ( तपाइको व्यवसायिक आइडिया उत्पादन वा सेवामा आधारित छ ? )

- Product-Based ( उत्पादनमा आधारित )
- Service-Based ( सेवामा आधारित )

**In 150 words, define the product/service your business will deliver.** ( तपाइको व्यवसायले प्रदान गर्ने उत्पादन / सेवाका बारे १५० शब्दमा वर्णन गर्नुहोस्

6. **In less than 150 Words, explain what problem your business idea will solve.** ( तपाइको व्यवसायिक आईडियाले के समस्याको समाधान गर्छ ? १५० भन्दा कम शब्दमा वर्णन गर्नुहोस् । )

7. **What other businesses/solutions are currently available in the market.** ( अन्य कुन व्यवसाय वा समाधान बजारमा उपलब्ध छन् )

8. **Do you have a core team?** ( तपाइको व्यवसायिक टिम छ ? )

- **Yes** ( छ )

- No ( छैन )

If yes, please fill out your team members details ( यदि छ भने, कृपया टिमका सदस्यहरुको विवरण भर्नुहोस् )

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

| Team Member 1 ( टिम सदस्य १ ) | |
|---|---|
| Full Name ( पुरा नाम ) | |
| Email Address ( ईमेल ठेगाना ) | |
| Contact Number ( सम्पर्क नम्बर ) | |
| Address ( ठेगाना ) | |

| Team Member 2 ( टिम सदस्य २ ) | |
|---|---|
| Full Name ( पुरा नाम ) | |

| Email Address( ईमेल ठेगाना ) | |
|---|---|
| Contact Number ( सम्पर्क नम्बर ) | |
| Address ( ठेगाना ) | |

राष्ट्रिय युवा परिषद्-नेपाल २०६२ सानोठिमी, भक्तपुर

**9. What industry your business related to? (तपाईको व्यवसाय कुन उद्योगसँग सम्बन्धित छ ?)**

- Tourism(पर्यटन)
- Agriculture (कृषि)
- Transportation (ढुवानी)
- Technology (प्रविधि)
- Social Enterprise (सामाजिक उद्यम)
- Services (सेवा)
- Health Care (स्वास्थ्य सेवा)
- Green Enterprise (हरित उद्यम)
- Other (अन्य)

**10. How did you hear about this "Innovative Idea Hunt" ?** ( तपाईले यो नवप्रवर्तनात्मक विचार प्रतियोगिताको बारेमा कसरि थाहा पाउनु भयो ? )

राष्ट्रिय युवा परिषद्, नेपाल
२०७२
सानोठिमी, भक्तपुर

- **Facebook** ( फेसबुक)
- **Instagram** ( इन्स्टाग्राम )
- **Email** ( ईमेल )
- **Friends** ( साथीहरु )
- **Family** ( परिवार )
- पालिकाको सूचना
- **Others, Specify** ( अन्य भए प्रस्टसंग खुलाउनु होला )

उप-सचिव
प्रशासकीय प्रमुख
सुरेन्द्र बस्नेत
उपाध्यक्ष